ehetaudasandesh.com
हेटौंडा
राष्ट्रिय दैनिक
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: ३३८ ॥ शुक्रबार १७ जेठ २०८३ ॥ त्रयोदशी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Friday 29 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

❖सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
❖सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
❖अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
❖सूचनाको हक सुनिश्चित गरौं,
❖भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
❖गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
❖प्रविधिमैत्री सेवा विस्तार गरौं,
❖जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## "मातृभूमिसंगको आत्मीय सम्बन्ध प्रगाढ बनाऔं"



सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले विविधताबीचको एकताले नै राष्ट्रिय भावनालाई प्रगाढ बनाउँदै आपसी भाइचारा र समानताको सन्देश प्रवाह गर्न मद्दत गर्दछ भन्ने विश्वास व्यक्त गरेका छन्। मुस्लिम समुदायको महान् पर्व इद-उल-अज्हा (बकर इद) को अवसरमा सबैमा सुख, शान्ति तथा समृद्धिका लागि शुभकामना व्यक्त गर्दै राष्ट्रपति पौडेलले यस पर्वले मातृभूमिसँगको आत्मीय सम्बन्ध अझ प्रगाढ बनाउँदै राष्ट्रिय समृद्धि र विकासमा योगदान पुऱ्याउने उल्लेख गरेका हुन्।

मुस्लिम समुदायबाट यस पर्वको अवसरमा आपसी रिस, राग र द्वेषलाई बिर्सेर एकापसमा खुसी, सद्भाव तथा शुभकामना आदान प्रदान गर्ने तथा खुलास्थान, इदगाह वा मस्जिदहरूमा गई इद-उल-अज्हाको नमाज पढ्नुका साथै शुभकामना साटासाट गर्दै हर्षोल्लासका साथ यो पर्व मनाउने गरिन्छ।

राष्ट्रपति पौडेलले विश्वास, समर्पण र समाज सेवाको सन्देश बोक्ने यस्ता चाडपर्वहरुले विशेष विभिन्न स्थानमा छरिएर रहेका नेपालीको धार्मिक तथा सांस्कृतिक विविधताबीच आपसी सद्भाव कायम गर्ने उल्लेख गरेका छन्। साथै उनले यस पर्वले धार्मिक सहिष्णुता, मेलमिलाप, एकता, भ्रातृत्व एवं सहअस्तित्वका आधारमा आआफ्नो मौलिक संस्कृति तथा परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुग्ने अपेक्षा गरेका छन्।

यो पर्वको माध्यमबाट सबै नेपालीबीच प्रेम, करुणा, त्याग, सहिष्णुता, सद्भाव, राष्ट्रिय एकताको भावना प्रगाढ बनाउँदै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाक्षा पूरा गर्न सबैलाई प्रेरणा प्रदान गरोस् भनी राष्ट्रपति पौडेलले शुभकामना व्यक्त गरेका छन्।

## हेटौंडामा बृहत् शैक्षिक महोत्सव सम्पन्न



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका ४ नं. वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा बृहत् शैक्षिक महोत्सव-२०८३ सम्पन्न भएको छ। "प्रविधिमैत्री गुणस्तरीय शिक्षाको लागि लगानी अभिवृद्धि गरौं" भन्ने नाराका साथ बुधबार आयोजित महोत्सवमा हेटौंडा उपमहानगरपालिकाभित्रका ३६ वटाभन्दा बढी विद्यालयको सहभागिता रहेको थियो।

ठूलो संख्यामा शिक्षक, अभिभावक र विद्यार्थीले महोत्सवको अवलोकनका लागि आएका थिए। विज्ञान प्रदर्शनीको बागमती प्रदेश सरकार पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, नृत्य प्रतियोगिता नगर प्रमुख मीनाकुमारी लामा र समापन तथा पुरस्कार वितरण कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

शैक्षिक प्रदर्शनी प्रतियोगिता विज्ञानतर्फ २४ वटा विद्यालयको सहभागिता रहेकोमा प्रथम आधुनिक राष्ट्रिय मावि, हेटौंडा-४, द्वितीय बालजागृति ईङ्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२, तृतीय नवोदय शिशु सदन, हेटौंडा-४ र सान्त्वना पुरस्कार जनज्योति माध्यमिक विद्यालय, हेटौंडा-१४ ले प्राप्त गरेको आयोजकले जनाएको छ।

यसैगरी महोत्सवको चित्रकला प्रतियोगिता तर्फ "२० वर्षपछिको हेटौंडा" विषयक चित्रकला प्रतियोगितामा २६ वटा विद्यालयका बिद्यार्थीले प्रतियोगितामा सहभागिता जनाएका थिए।

## उद्योग संघद्वारा संस्कृत विद्यालयको संस्थागत सदस्यता



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका वडा नं. १० स्थित संस्कृत वेद विद्यालयलाई उद्योग संघ मकवानपुरले संघको ४७ औं स्थापना दिवसको पूर्वसन्ध्यामा विद्यालयको संस्थागत सदस्यता ग्रहणसँगै सहयोग गरेको छ।

विद्यालयमा आवासीयरूपमा अध्ययनरत बटुकहरूको अध्ययन, अध्यापन, नि:शुल्क आवास तथा भोजन व्यवस्थापनका लागि स्थापित अक्षयकोषमा उद्योग संघ मकवानपुरले संस्थागत आजीवन सदस्यता ग्रहण गरी सहयोग गरेको हो।

विद्यालयमा आयोजित कार्यक्रममा संघका अध्यक्ष श्रीहरि मास्केसहित पदाधिकारी एवम् सदस्य गरी १५ जनाले विद्यालयको आजीवन सदस्यता लिएको विद्यालयले जनाएको छ। यस्तै संघका निवर्तमान अध्यक्ष बद्रिनाथ शर्माले ११ हजार १११ रुपियाँ प्रादन गरी विशिष्ट आजीवन सदस्यता ग्रहण गरेका छन्।

विद्यालयको आजीवन सदस्यता ग्रहणवापत प्राप्त सहयोगले गुरुकुलीय परम्पराको संरक्षण तथा संवर्द्धनमा एवम् संस्कृत शिक्षाको उन्नयनमा महत्वपूर्ण योगदान पुग्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाले बताए। कार्यक्रममा हेटौंडा उपमहानगर पालिका वडा नं. १० का वडाध्यक्ष फुर्वा दोर्जे लामाले दाताहरूलाई स्वागत एवम् सम्मान गरेका थिए।

विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष एवम् उद्योग संघ मकवानपुरका उपाध्यक्ष सुयश पराजुली र उद्योग संघ मकवानपुरका पूर्व अध्यक्ष माधव अधिकारीले संघले स्थापना दिवसमा संस्कृत वेद विद्यालयको आजीवन सदस्यता ग्रहण गरेर राम्रो कामको थालनी गरेको बताउदै अन्य उद्योगीहरुलाई पनि क्रमस सदस्यता दिलाईने बताए।

## आज आगामी आर्थिक वर्षको बजेट आउँदै

सन्देश संवाददाता

काठमाडौं/अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्दै छन्। गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा झण्डै दुई तिहाइ जनमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले बजेट प्रस्तुत गर्दैछ।

निर्वाचनका क्रममा सो पार्टीले प्रस्तुत गरेको वाचापत्र, सरकार गठन भएपछि सार्वजनिक भएको शासकीय सुधारका १०० बुँदे कार्ययोजना र सदनमा प्रस्तुत विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका आधारमा बजेट आउने बताइएको छ।

संघीय संसद्का दुवै सदनमा सांसदहरूले दिएका सल्लाह र सुझाव, राष्ट्रिय स्वतन्त्र पार्टीले गत फागुन २१ को निर्वाचनमा व्यक्त गरेको वाचापत्र, सरकारको सुशासनको मार्गचित्रलगायतका विषयलाई बजेटको केन्द्रमा राखिएको छ। यही जेठ १५ गते गणतन्त्र दिवसका दिन संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले आगामी आवको बजेट प्रस्तुत गर्ने कार्यक्रम छ।

नयाँ संविधान जारी भएपछि हरेक वर्ष जेठ १५ गते नै बजेट प्रस्तुत हुँदै आएको छ। संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार अपराह्न ४:०० बजे सिंहदरबारस्थित बहुउद्देश्यीय हलमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्ने कार्यक्रम तय भएको छ।

यसपटकको बजेटलाई बढी व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउने उद्देश्य राखिएको छ। राष्ट्रिय योजना आयोगले आगामी आवका लागि रु १८ खर्ब ९० अर्ब बराबरको बजेट सिलिङ तय गरेको थियो। सरोकारवाला निकायको सुझावलाई बजेटमा यथेष्ट स्थान दिइएको बताइएको छ। चालु आवको बजेट रु १९ खर्ब ६४ अर्ब बराबरको थियो।

गत भदौ २३ र २४ मा भएको आन्दोलनपछि गठन भएको सरकारका अर्थमन्त्री रामेश्वर खनालले मध्यावधि समीक्षामार्फत् बजेटको आकार रु १६ खर्ब ८८ अर्ब बराबर बनाएका थिए।

## बागमती साहित्य महोत्सव चितवनमा

सन्देश संवाददाता



भरतपुर/गत वर्ष धादिङमा भएको 'बागमती साहित्य महोत्सव' को दोस्रो संस्करण चितवनमा हुने भएको छ। बागमती प्रदेश सरकारको सहकार्यमा भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको संयोजनमा कार्यक्रम गर्न लागिएको बुधबार प्रतिष्ठानद्वारा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

संस्कृति तथा पर्यटन मन्त्रालय बागमती प्रदेशको सहकार्यमा यही जेठ १६ र १७ गते नारायणगढस्थित उद्योग वाणिज्य संघको हलमा महोत्सव आयोजना गर्न लागिएको भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका अध्यक्ष प्राडा नारायणप्रसाद खनालले जानकारी दिए।

महोत्सवमा बागमती प्रदेशका विभिन्न जिल्लाका साहित्यकार, कलाकार तथा संस्कृतिकर्मीहरुको सहभागिता रहनेछ। दुई दिनसम्म सञ्चालन हुने महोत्सवमा कविता वाचन, कथा तथा गजल प्रस्तुति, नाटक मञ्चन, साहित्यिक बहस, साङ्गीतिक प्रस्तुतिलगायत विविध कार्यक्रमहरु समावेश गरिने भएको आयोजकले जनाएको छ। 'नेपाली साहित्यको वर्तमान अवस्था', 'डिजिटल युगमा कला र साहित्यको भविष्य' जस्ता विषयमा छलफल तथा अन्तर्क्रिया गरिनेछ।

कार्यक्रममार्फत् साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिइएको छ। प्रज्ञाप्रतिष्ठानका अध्यक्ष प्राडा खनालले महोत्सव सफल बनाउन सबै सरोकारवालाको साथ र सहयोग रहने अपेक्षा व्यक्त गरेका छन्।

बागमती प्रदेशका पर्यटन तथा संस्कृतिमन्त्री सुरेश श्रेष्ठले साहित्य मार्फत् पर्यटन प्रवर्द्धन गराउने लक्ष्यसहित प्रदेशस्तरीय महोत्सव आयोजना गर्न प्रदेश सरकारले सकारात्मक भूमिका खेलेको बताए।

'चितवनलाई चितवन बनाउन चितवनवासीको भूमिका नै सबैभन्दा अगाडि छ। त्यसैले, यस्ता कार्यक्रममा चितवनवासीले सकारात्मक भूमिका खेल्न आवश्यक छ', मन्त्री श्रेष्ठले भने, 'तपाईंहरुले गरिरहेको काममा सरकारले आवश्यक सहयोग गर्ने हो।'

बागमती प्रदेश मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले प्रदेश सरकारले कला, साहित्य, पर्यटन तथा संस्कृति संरक्षणका लागि प्रदेश सरकारबाट महोत्सव आयोजना गर्ने काममा सहयोगी बनेको बताए। नयाँ तथा पुराना साहित्यकार तथा कलाकर्मी, संस्कृतिकर्मीलगायतका व्यक्तिहरुको उपस्थितिले यी क्षेत्रलाई पुस्तान्तरण गर्नमा मद्दत पुग्ने विश्वास गरिएको उनले बताए।

हरेक वर्ष बागमती प्रदेशका कुनै न कुनै जिल्लाको कला, संस्कृति, साहित्यजस्ता विषयलाई समेटेर प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना गरिने महोत्सवले पुस्तान्तरणसँगै समृद्ध समाज निर्माणमा टेवा पुग्ने विश्वास लिइएको कार्यक्रम संयोजकसमेत रहेका डिभिजन वन कार्यालय चितवनका प्रमुख विष्णुप्रसाद आचार्यले बताए।

विभिन्न शीर्षकमा बहससमेत रखिएको महोत्सव सम्पन्न गर्नका लागि बागमती प्रदेशको पर्यटन मन्त्रालयले दस लाख र भरतपुर महानगरपालिकाले पाँच लाख बजेटको व्यवस्था गरेको छ। तर, दुईदिने कार्यक्रमका लागि करिब २० लाख रूपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ।

अपुग रकमलाई विभिन्न संघ/संस्थाबाट सहयोग संकलन गरिने आयोजकले जनाएको छ। यही आउँदो १६ गते हुने महोत्सव उद्घाटनका लागि बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ चितवन आउने कार्यक्रम रहेको आयोजकले जनाएको छ।






**उखानः** बाँसको हलो हुँदैन ।

॥ ॥ बेलाको बोली ॥ ॥

म जिन्दगीमा पटक पटक असफल भएं त्यसैले त आज म सर्वाधिक सफल हुन सके ।

– *माइकल जोर्डन*

## सम्पादकीय

# चेपाङहरूको नियति बदलौ

*मकवानपुर, चितवनको नेपालका पहाडी क्षेत्र र वरपरका जिल्लाहरुमा पाइने चेपाङ बस्तीको सख्या त बढेको छैन । तर, पछिल्ला दुईवटा जनगणनामा चेपाङ जातिको कुन जनसंख्या भने क्रमश: बढेको देखिन्छ । परम्परागत जीवन शैलीमा गुजारा गरिरहेका चेपाङहरु मानवीय विकासमा भने निकै पछि परेका छन् । वि.सं २०६८ सालमा चेपाङको जनसंख्या करिब ५२ हजार र ६८ हजार पुगेको तथ्याङ छ । चेपाङ समुदाय मूलत: चितवन, मकवानपुर, धादिङ र गोरखाको महाभारत श्रृंखला आसपासका क्षेत्रमा मात्र सघनरुपमा बसोबास गरेको पाइन्छ ।*

*यो सीमान्तकृत समुदायको जनसंख्या लगातार बढेको देखिनु सुखद् संकेत हो । कम्तीमा यो समुदाय अहिले लोपोन्मुख अवस्थामा पुगेको त देखिएन । यस्तै चेपाङ जनसंख्याको आफ्नो भूगोलप्रतिको निकटता पनि सकारात्मक हो । उनीहरु धेरै टाढा छरिएर बसेका छैनन् दु:खको कुरा सीमान्तकृत नागरिकको जीवनस्तर र खाद्य सुरक्षा भने अझै पनि आदिम युगकै हाराहारीमा देखिन्छ । प्राय: आफ्नो थातथलो छाडेर सजिलो ठाउँमा बसाइँ सर्न खासै नरुचाउने चेपाङहरु अझै पनि वनमा पाइने तरुल, गिट्ठा, भ्याकुर, सिस्नो, च्याउजस्ता पदार्थ खाएर जीवन गुजारा गर्छन् । अर्थात्, बहुसंख्ययक चेपाङहरुका लागी अझै आदीम युगको अन्त्य हुनसकेको छैन । रैथाने कन्दमूल खाएरै भोक टार्ने बाध्यताका कारण चेपाङ बस्तीहरुमा बर्सेनि बिखालु जंगली च्याउ खाएर ज्यान गुमाउने घटना सामान्यजस्तै छ ।*

*राज्यको बेवास्ता र समुदायको निरीहताको वर्तमान अवस्था कायमै रहने हो भने चेपाङ समुदायमाथिको अभाव र असुरक्षाको चक्र अझ गहिरिन सक्छ । कामका लागि खाद्यान्न वा कुनै पनि कार्यक्रमलाई स्थानीय विकास निर्माणसँग प्रभावकारी रुपमा जोडेर सीमान्त समुदायलाई रोजगारी दिनसके तिनको जीवनस्तर सुधार्न कठिन हुनेछैन । विकास परियोजनाका नाममा सीमित वर्ग पोसिने पुरानो शैली नत्याग्ने हो भने फेरि कुनै सिमान्तकृत समूदायले लाभ लिन सक्ने छैनन भन्ने बुझाई सरोकारवाला निकायको हुनै पर्छ ।*

# बन्द उद्योग सञ्चालनमा बंगलादेश मोडल ?



✍राजुराम राउत

नेपालका धेरै सरकारी उद्योगहरूको अवस्था अहिले बृद्ध बिरामी जस्तै बनेको छ । भवन छन् , जग्गा छन्, मेसिनका अवशेष छन्, तर उत्पादन छैन ।

हजारौं मजदुरको चहलपहल हुने उद्योग क्षेत्रहरू अहिले झारले ढाकिएका स्मृतिस्थल बनेका छन् । राज्यले वर्षौंदेखि "पुन: सञ्चालन गर्ने" घोषणा त गरिरह्यो, तर परिणाम भने फाइलको धूलोसँगै हरायो । हेटौंडाका कतिपय उद्योग क्षेत्र पनि यही पीडाबाट गुज्रिरहेका छन् । हालसम्म बनेका नेपाल सरकारका मन्त्रीहरू अवलोकन गर्ने र आश्वासन नदिएका सरकार बिरलै होलान् । अहिलेको रास्वपा सहभागी सरकार पनि यसबाट अछुतो रहन सकेन । हालै बालेन्द्र शाह नेतृत्वको उद्योगमन्त्रीको भ्रमण र "अब उद्योग चलाउँछौं" भन्ने प्रतिबद्धतासहितका अभिव्यक्तिहरूले पनि त्यही पुरानै राजनीतिक प्रवृत्तिलाई स्पष्ट पार्छ । यसै सन्दर्भमा दक्षिण एशियाका केही सफल अभ्यासहरू उल्लेख गर्नु सान्दर्भिक देखिएकोले यहा पस्कन चाहान्छु ।

**उद्योग सञ्चालनमा समस्या :**

कमजोर व्यवस्थापन, राजनीतिक भागबण्डा, उच्च भ्रष्टाचार, दक्ष जनशक्तिको अभाव, कच्चा पदार्थको अस्थिर आपूर्ति र बजार व्यवस्थापनको कमजोरीहरु । यि र यस्तै कारणहरुले सरकारी उद्योगहरू घाटाको भारी बने । तर, यसको अर्थ उद्योग चल्नै सक्दैनन् भन्ने चाही होइन । सही मोडल, सही व्यवस्थापन र स्थानीय सहभागिता भए उद्योग पुनर्जीवित हुन सक्छन् ।

यही सन्दर्भमा बंगलादेशका अर्थशास्त्री तथा उद्योग पुनर्संरचनाका अभियन्ता डा. युशुफ खानले अघि सारेको "स्थानीय स्रोतमा आधारित विकेन्द्रीकृत औद्योगिक मोडल" अहिले दक्षिण एशियामा निकै चर्चित मानिन्छ । उनको अवधारणा सरल छ, "जहाँ कच्चा पदार्थ छ, त्यहीँ उद्योग । जहाँ उद्योग छ, त्यहीँ रोजगारी, जहाँ रोजगारी छ, त्यहीँ समृद्धि ।"

बंगलादेशले कपडा उद्योग, कृषि प्रशोधन उद्योग र साना-मझौला उत्पादन उद्योगहरूमा यही अवधारणा प्रयोग गरेर ठूलो आर्थिक उपलब्धि हासिल गरेको छ । त्यहाँ धेरै उद्योगहरू पूर्ण सरकारी नियन्त्रणमा होइनन्, एएए मोडल अर्थात् सरकार निजी क्षेत्र र स्थानीय समुदायको साझेदारीमा सञ्चालन गरिएका छन् । सरकार पूर्वाधार र नीतिमा बस्यो, निजी क्षेत्रले प्राविधिक दक्षता र बजार ल्यायो, स्थानीय तहले जनशक्ति र सामाजिक उत्तरदायित्वको पक्ष सम्हाल्यो ।

**हेटौंडाका लागि यो मोडल उपयोगी :**

हेटौंडा आफैंमा औद्योगिक सम्भावना बोकेको सहर वा क्षेत्र हो । यहाँ सडकसञ्जालको पहुँच छ । बजारसँग निकटता छ, कृषि उत्पादन छ । वनजन्य स्रोतहरु छन् र श्रमशक्ति पनि प्रशस्त छ । तर, विडम्बना के छ भने, उद्योग क्षेत्रको धुवाँ हराउँदै जाँदा बेरोजगारी र वैदेशिक पलायन बढिरहेको छ । युवा विदेशिन बाध्य छन्, जबकि बन्द उद्योगका चिम्नीहरू मौन अवस्थामा छन् ।

**अब प्रश्न उठ्छ,**
**बन्द उद्योग कसरी चलाउने ?**

बन्द अवस्थामा रहेका उद्योगहरु पहिला उद्योगको वर्गीकरण गरिनु पर्दछ । सबै उद्योग एउटै प्रकृतिका हुँदैनन् । कुनै कृषिमा आधारित छन् भने कुनै वनजन्य र कुनै निर्माण सामग्रीसँग सम्बन्धित छन् । त्यसैले 'एउटा औषधि सबै रोगमाझ भन्ने शैलीले हुँदैन । उद्योगको सम्भाव्यता अध्ययन गरेर कुन उद्योग पुन:सञ्चालन गर्न सकिन्छ । कुनलाई नयाँ स्वरूप दिनुपर्छ र कुनलाई पूर्ण रूपान्तरण गर्नुपर्छ भन्ने छुट्याउन आवश्यक देखिन्छ ।

दोस्रोमा स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनलाई विशेष प्राथमिकता दिनुपर्छ । उदाहरणका लागि मकवानपुर क्षेत्रमा तरकारी, दूध, फलफूल, अदुवा, बेसार, काठजन्य सामग्री, जडीबुटीलगायतका स्रोतहरु प्रशस्तै छन् । यिनैलाई आधार बनाएर कृषि प्रशोधन उद्योग, डेरी उद्योग, हर्बल उत्पादन, प्याकेजिङ उद्योग तथा फर्निचर उद्योग सञ्चालन गर्न सकिन्छ । विदेशबाट महँगो कच्चा पदार्थ ल्याएर उद्योग चलाउने सोच अब व्यावहारिक देखिदैन ।

तेस्रोमा स्थानीय सरकारलाई प्रत्यक्ष जिम्मेवार बनाउनु पर्छ । अहिलेसम्म उद्योग सञ्चालनको जिम्मा केन्द्र सरकारले लिँदा निर्णय प्रक्रियामा ढिलाइ भयो । स्थानीय तहलाई अधिकार दिएर पालिकाले उद्योग व्यवस्थापन बोर्ड बनाउन सक्दछ । त्यस बोर्डमा प्राविधिक, निजी क्षेत्र, श्रमिक प्रतिनिधि र आर्थिक विज्ञलाई समावेश गर्नुपर्छ । यसले "मेरो उद्योग" भन्ने स्थानीय स्वामित्वको भावना बढाउँछ र अपनत्व बढाउंछ ।

**एएए मोडललाई पारदर्शी बनाउने :**

नेपालमा एएए भन्नासाथ कतिपयले 'राजनीतिक पहुँचवालाको कमाइ खाने ठाउँ भन्ने बुझाइ राख्छन् । यो पुरानो मानशिकता बदल्न अति जरुरी देखिन्छ । सम्झौता खुल्ला प्रतिस्पर्धाबाट हुनुपर्छ । आर्थिक विवरण सार्वजनिक हुनुपर्छ र स्थानीय समुदायलाई निगरानीको अधिकार दिनुपर्छ । बंगलादेशमा यस्तै पादर्शिताले धेरै उद्योगहरुलाई पुनर्जीवन दिएको थियो र अध्यावधिक छ पनि ।

पाँचौंमा उद्योगलाई केवल उत्पादन केन्द्र होइन, "रोजगारी र सीप केन्द्र बनाउनु आवश्यक छ । हेटौंडाका उद्योगहरूमा प्राविधिक तालिम केन्द्रहरु संग सहकार्य गरी अघि बढ्न सकिन्छ । युवालाई मेसिन सञ्चालन, प्याकेजिङ, गुणस्तर परीक्षण, डिजिटल मार्केटिङ जस्ता तालिम दिएर उद्योगसँगै रोजगार सिर्जना गर्न सकिन्छ । यसले युवाको विदेश पलायन दर घटाउन निकै सहयोग पुर्‍याउँछ ।

छैटौंमा राजनीतिक हस्तक्षेप कम गर्नुपर्छ । नेपालका धेरै उद्योग व्यवस्थापकभन्दा पार्टी कार्यकर्ताको नियन्त्रणमा गएको देखिन्छ । उद्योगभित्र दक्षताभन्दा नारा ठूलो बन्यो । उद्योग चलाउन अर्थशास्त्र चाहिन्छ, भाषण होइन । त्यसैले उद्योग व्यवस्थापनमा राजनीतिक नियुक्ति पुर्ण रुपमा बन्द गरिनु पर्दछ । योग्य र परिणाममुखी नेतृत्वको आवश्यकता छ ।


सातौंमा बजार सुनिश्चित गर्नुपर्छ । वस्तुको उत्पादन गरेर गोदाममा थुपार्ने उद्योग टिक्दैन । स्थानीय उत्पादनलाई सरकारी खरिदमा प्राथमिकता दिन सकिन्छ । विद्यालय, अस्पताल, सरकारी कार्यालयले स्थानीय उद्योगका सामग्रीहरु प्रयोग गर्ने नीति ल्याउनु पर्दछ । डिजिटल बजार र निर्यातको सम्भावना पनि खोज्नु पर्दछ ।

आज हेटौंडामा धेरैले उद्योगको कुरा गर्दा पुराना भवनहरु सम्झन्छन् । तर, उद्योग भनेको केवल भवन मात्र होइन, त्यो त स्थानीय अर्थतन्त्रको मुटु पनि हो भनेर बुझ्नु पर्दछ । उद्योग चले किसानको उत्पादन बिक्छ । मजदुरले काम पाउँछ, पसल चल्छ, यातायात चल्छ र शहरमा आर्थिक चहलपहल बढ्छ । दु:खको कुरा, हामीले वर्षौंसम्म उद्योगलाई राजनीतिक भर्ती केन्द्र बनायौं । घाटा भएपछि "सरकारी उद्योग चल्दैन" भनेर निष्कर्ष निकाल्यौं । तर, संसारका धेरै देशहरुले देखाइसकेका छन्, सही व्यवस्थापन भएमा सरकारी साझेदारीका उद्योगहरु पनि सफल हुन सक्छन् । बंगलादेशले आफ्ना उद्योगलाई "रोजगारी अभियान" को रूपमा हेर्‍यो । नेपालले पनि अब उद्योगलाई केवल नाफाको हिसाबले मात्र होइन, सामाजिक-आर्थिक स्थिरताको दृष्टिले हेर्नुपर्छ । किनकि एउटा उद्योग बन्द हुनु भनेको केवल एउटा कारखाना बन्द हुनु मात्र कदापी होइन, त्योसँगै सयौं परिवारको आशा अनि भरोशा र रोजगार बन्द हुनु हो ।

हेटौंडामा यदि स्थानीय सरकार, निजी क्षेत्र र प्राविधिक समूह मिलेर उद्योग पुनर्जीवन अभियान सुरु गर्ने हो भने पाँच वर्षभित्र ठूलो परिवर्तन सम्भव छ । खाली भवनहरू फेरि चल्न सक्छन् । युवाहरू विदेशिनु कम हुन सक्छन र स्थानीय अर्थतन्त्र बलियो बन्न सक्नेछ । अब प्रश्न उठ्छ केवल "उद्योग कसरी खोल्ने त ?" भन्ने होइन । मुख्य प्रश्न हो, "स्थानीय स्रोत र स्थानीय जनशक्तिलाई विश्वास गरेर समृद्धि निर्माण गर्ने साहस हामीसँग छ कि छैन भन्ने हो ?"

# धितोपत्र बजारमा सुशासनको प्रश्न

✍रविन कंडेल



नेपालको धितोपत्र बजारबारे अब मूल बहस सूचकांक बढ्यो कि घट्यो भन्ने होइन ।

मूल प्रश्न यो हुनुपर्‍यो कि हाम्रो पुँजी-बजारको मूल्य निर्धारण तथ्य, वित्तीय अवस्था, कम्पनीको योजना र संस्थागत पारदर्शितामा आधारित छ कि सीमित स्वार्थ समूह, कमजोर नियमन र अपारदर्शी संरचनाले त्यसलाई प्रभाव पारिरहेको छ ? सेयरको मूल्य अन्तत: कम्पनीको उत्पादकत्व, नीति, योजना र वित्तीय क्षमताले तय गर्नुपर्ने हो, न कि कृत्रिम उत्साह वा बाह्य प्रभावका कारणले । यही कारण अहिले बजार सुधारको प्रश्न केवल लगानीकर्ताको चासो मात्र होइन, अर्थतन्त्रको विश्वसनीयताको पनि गम्भीर प्रश्न बनेको छ ।

नेपालको धितोपत्र बजारको वर्तमान संरचनालाई बुझ्न केही आधारभूत तथ्य पर्याप्त छन् । उपलब्ध तुलनात्मक विवरणअनुसार अमेरिका (एसएण्डपी-५००) र भारत (निफ्टी) जस्ता तथ्यहरू, तुलनात्मकरूपमा पारदर्शी बजारहरूको औसत पी/ई अनुपात करिब २२ गुणा वरिपरि छ, दक्षिण कोरियाको कोस्पी १४ गुणा, पाकिस्तानको पिएसएक्स ५ गुणा, बंगलादेशको डिएसई १५ गुणा र श्रीलंकाको सिएसई ८ गुणा देखाइएको छ । यसको तुलनामा नेपालमा नेप्सेको औसत पी/ई ४०-१२० गुणाको दायरामा रहेको उल्लेख छ ।

पी/बी अनुपात पनि नेपालमा ५-४० गुणासम्म पुगेको देखाइएको छ, जबकि लाभांश प्रतिफल करिब ०.५ प्रतिशत मात्र रहेको छ । यति उच्च मूल्यांकन सामान्यतया उच्च उत्पादकत्व, बलियो आम्दानी, गहिरो तरलता र पारदर्शी खुलासाले समर्थित हुनुपर्ने हो । तर, नेपालको सन्दर्भमा यिनै आधारहरूबारे गम्भीर प्रश्न उठिरहेका छन् । यही अन्तरले बजार सुधारको बहसलाई अब टार्न नसकिने बनाएको छ ।

अर्को महत्वपूर्ण तथ्य नेपाल रेमिटेन्स-आधारित अर्थतन्त्र भएको हो । उपलब्ध वार्षिक आँकडाअनुसार रेमिटेन्स आ.व. २०७७/७८ मा ८७५ अर्ब, २०७८/७९ मा १,०५१ अर्ब, २०७९/८० मा १,२०५ अर्ब र २०८०/८१ मा १,३५२ अर्ब रुपैयाँ पुगेको देखाइएको छ ।

उक्त विवरणमा यसमध्ये करिब १५-२० प्रतिशत नेप्सेमा प्रवाहित भएको अनुमान पनि राखिएको छ । यदि यस्तो प्रवाह वास्तविकताको नजिक छ भने धितोपत्र बजारको अस्थिरता वा अपारदर्शिता अब सीमित सहरी लगानीकर्ताको समस्या मात्र रहँदैन; यसले विदेशमा कठिन श्रम गरेर पठाएको रकम, मध्यमवर्गीय बचत र घरेलु वित्तीय सुरक्षासँग प्रत्यक्ष सम्बन्ध राखेको तत्थ्यलाई नकार्न सकिदैन । यही कारण पुँजीबजारको सुधारलाई वित्तीय न्याय र सामाजिक उत्तर दायित्वका दृष्टिले पनि हेर्नुपर्छ ।

उपलब्ध तथ्यहरू र तथ्यांकले अर्को गम्भीर पक्ष पनि देखाउँछ । लेखापरीक्षण र वास्तविक आर्थिक गतिविधिबीच सम्भावित अन्तर देखिएको छ । एउटा तालिकामा लेखापरीक्षण प्रतिवेदनमा क्षमता उपयोग ७५-९० प्रतिशत दाबी गरिँदा स्वतन्त्र सत्यापनले १५-३० प्रतिशतको सम्भावना मात्र देखाएको भनिएको छ । वार्षिक उत्पादन १ लाख एमटी दाबी गरिँदा नेपाल विद्युत् प्राधिकरणको खपत आँकडाका आधारमा २० देखि ३५ हजार एमटी मात्र सम्भव देखाइएको छ । कर्मचारी संख्या ५ सय दाबी हुँदा स्थानीय वा एसएसडिएफ अभिलेखले डेढ-दुई सय जना मात्र संकेत गरेको भनिएको छ । करयोग्य आय करोडौं देखाइए पनि कर अभिलेखमा न्यून वा शून्य कर तिरेको अवस्था औंल्याइएको छ । यदि यस्ता अन्तरहरू डेटा-आधारित परीक्षणबाट पुष्टि हुन्छन् भने ती साधारण लेखा-विसंगति होइनन् ती सार्वजनिक विश्वासमाथि उठेका संरचनागत प्रश्नहरु हुन् ।

यही कारण नेपालमा फरेन्सिक क्रस भेरिफिकेसनको बहस अपरिहार्य बन्दै गएको छ । कुनै कम्पनीको आम्दानी, उत्पादन, विस्तार वा नाफाबारे गरिएको दाबीलाई केवल लेखापरीक्षकको धारणाका आधारमा स्वीकार गर्ने समय अब सकिएको छ । बिजुली खपत, कच्चा पदार्थ आयात, सामाजिक सुरक्षा कोषमा कर्मचारी दर्ता, कर विवरण, भन्सार अभिलेख, बैंकिङ तथ्य र नियामक खुलासाबीचको मिलान प्रणाली संस्थागत गर्नु पर्छ । यदि पुँजीबजारले तथ्यभन्दा कागजी दाबी लाई महत्व दिन थाल्यो भने त्यो दीर्घकालीन रूपमा लगानीकर्ता संरक्षणको आधारै कमजोर पार्ने बाटो हो ।

सार्वजनिक फ्लोटको संरचना पनि उत्तिकै चिन्ताजनक छ । विवरणअनुसार हाइड्रोपावर क्षेत्रमा संस्थापक होल्डिङ ७५-८५ प्रतिशत, होटल र टुरिजममा ७०-८० प्रतिशत, उत्पादनशीलमा ७५-९० प्रतिशत र बिएफआई क्षेत्रमा ५१-७० प्रतिशतसम्म रहेको उल्लेख छ । यसको अर्थ धेरै कम्पनीमा बजारमा स्वतन्त्ररूपमा किनबेच गर्न सकिने हिस्सा निकै सीमित छ । जब सार्वजनिक फ्लोट १०-२० प्रतिशतजति मात्र रहन्छ, तब मूल्य निर्धारणमा थोरै कारोबारले पनि असमान प्रभाव पार्न सक्छ । भारतमा एसबिआईले न्यूनतम २५ प्रतिशत सार्वजनिक स्वामित्व अनिवार्य बनाएको सन्दर्भमा नेपालमा १० प्रतिशत न्यूनतम मापदण्ड पर्याप्त छ कि छैन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । पर्याप्त फ्लोटबिना न त लिक्विडिटी बलियो हुन्छ, न मूल्य खोज निष्पक्ष हुन्छ । अनि यस्तो संरचनामा कृत्रिम मूल्यवृद्धि, समन्वित किनबेच र मनोवैज्ञानिक प्रभावको जोखिम बढ्छ ।

आइपिओसम्बन्धी दाबी र वास्तविक कार्यान्वयनबीचको दूरीबारे पनि गम्भीर समीक्षा आवश्यक छ । नयाँ कारखाना, आधुनिक उपकरण, निर्यात विस्तार, ऋण पुनर्संरचना वा ठूलो आयोजना भनेर सार्वजनिकबाट पुँजी उठाउने तर पछि त्यो प्रतिबद्धता अस्पष्ट रहिरहने प्रवृत्ति सानो लगानीकर्ताका लागि नीतिगत जोखिम /धोका हो । पुँजीबजारको उद्देश्य केवल पैसा उठाउनु मात्र होइन; उठाइएको पैसाको विश्वसनीय उपयोग पनि हो । त्यसैले आइपिओ पछि रकम कहाँ गयो, कुन परियोजनामा लाग्यो, के परिणाम आयो र सर्वसाधारणलाई समयमै के सूचना दिइयो भन्ने प्रश्नलाई नियामकीयरूपमा अनिवार्य बनाउनु आवश्यक देखिन्छ ।

यससँगै, डिजिटल युगमा बजार प्रभावका नयाँ माध्यमहरूलाई पनि गम्भीरतापूर्वक बुझ्नुपर्छ । सामाजिक सञ्जालमार्फत् सिर्जित कृत्रिम उत्साह, 'विशेष जानकारी' का नाममा फैलाइने अपुष्ट प्रचार वा योजनाबद्ध रूपमा निश्चित सेयरतर्फ सर्वसाधारणलाई आकर्षित गर्ने प्रवृत्तिले आधुनिक पुँजी बजारलाई गम्भीर चुनौती दिएको छ । यस्तो अवस्था स्वतन्त्र अभिव्यक्तिको सामान्य प्रयोग मात्र होइन; यदि त्यसले मूल्यमा प्रभाव पार्छ भने त्यो नियामकीय निगरानीको विषय हो । नेपालमा बजार दुरुपयोगको परिभाषा, प्रमाण संकलन र डिजिटल निगरानी क्षमताबारे बहस अब ढिलो गर्नु हुँदैन ।

तर, पुँजीबजारमा विश्वास केवल बजार भित्रको सुधारले मात्र बन्दैन । समस्या व्यापक संस्थागत संरचनासँग जोडिएको छ । नियामक स्वतन्त्र छ कि छैन, कारबाही किन ढिलो हुन्छ, प्रभावशाली समूह कानुनी दायराबाट कसरी जोगिन्छन्, संसदीय निगरानी पर्याप्त छ कि छैन र वित्तीय अपराधमाथि राज्यका विभिन्न निकाय बीच समन्वय कति प्रभावकारीरुपमा छ, यी सबै प्रश्नहरु एउटै बहसका हिस्सा हुन् । यदि सर्वसाधारणले नियमभन्दा प्रभाव बलियो देख्न थाले भने बजारप्रतिको विश्वास मात्र होइन, लोकतान्त्रिक संस्थाप्रतिको भरोसा पनि क्षय हुने पक्का छ ।

अब सुधारको दिशामा स्पष्ट कदम आवश्यक छ । पहिलो, न्यूनतम सार्वजनिक फ्लोटको पुनर्समीक्षा अपरिहार्य छ । दोस्रो, लेखापरीक्षक रोटेसन तथा उच्च जोखिम भएका कम्पनीमा फरेन्सिक परीक्षणको कानुनी व्यवस्था हुनुपर्छ । तेस्रो, सेबोनलगायत नियामक निकायलाई डेटा-आधारित अनुसन्धान क्षमता, प्रविधि र कानुनी अधिकारसहित सुदृढ बनाउनुपर्छ । चौथो, आइपिओ पछि रकम उपयोग र परियोजना प्रगतिमाथि लिस्टिङपछि पनि दायित्व निर्धारण संरचना बनाउनु पर्छ । पाँचौं, डिजिटल माध्यममार्फत् हुने पम्प र डम्प शैलीका दुरुपयोगलाई स्पष्ट नियमनअन्तर्गत ल्याउनुपर्छ । छैटौं, वित्तीय अपराधमा ढिलो अनुसन्धान र ढिलो न्यायलाई अन्त्य गर्नुपर्छ ।

अन्तत: नेपालको पुँजीबजारको भविष्य सूचकांकको क्षणिक गतिले होइन, यसले कति विश्वास कमाउँछ भन्ने प्रश्नले तय गर्नेछ । ठूलो बजार चाहनु गलत होइन; तर विश्वसनीयताबिना ठूलो बजार दीर्घकालीनरूपमा उपयोगी हुँदैन । जहाँ तथ्य कमजोर हुन्छन्, त्यहाँ हल्ला बलियो हुन्छ; जहाँ नियम कमजोर हुन्छ, त्यहाँ प्रभाव बलियो हुन्छ । र, जहाँ प्रभावले मूल्य चलाउँछ, त्यहाँ साना लगानीकर्ताको विश्वास सबैभन्दा पहिले टुट्छ । धितोपत्र बजारलाई विस्तार गर्नु जरुरी छ, तर त्यसअघि यसलाई विश्वसनीय बनाउनु अझ जरुरी छ । किनकि विश्वास गुमेको पुँजीबजारले पुँजी परिचालन गर्दैन र उसले केवल असुरक्षा परिचालन गर्छ । वर्तमान सरकारले नेपाली पुँजीबजारको भविष्यलाई दिशाबोध दिन अब निकै ढिला भइसक्यो भन्ने कुरा गम्भीरतासाथ लिएर अघि बढ्नुको बिकल्प देखिदैन ।

साभार : कारोबार दैनिक

## मकवानपुरमा आज

१: चलचित्र पत्रकार संघ नेपाल, मकवानपुर शाखाको आयोजनामा "राष्ट्रिय चलचित्र पत्रकारिता दिवसको-२०८३ को अवसरमा राष्ट्रिय चलचित्र पत्रकारिता सम्मान तथा पुरस्कार बितरण बिहान ८:०० वजे पल्पसा प्याराडाईजमा ।
२: मकवानपुर जिल्ला सहकारी संघ लि.को आयोजनामा कृषि प्रदर्शनी मेला-२०८३ को उद्घाटन कार्यक्रम रोयल पार्टी प्यालेसमा ।
३: नगरस्तरीय शैक्षिक समन्वय समिति मकवानपुरको आयोजनामा २६ औं शिक्षक भेला एवम् निबृत्त शिक्षक सम्मान कार्यक्रम बिहान १०:०० बजे क्लब हेटौंडामा ।

## तपाईंको आज

| | |
|---|---|
| **मेष** मिहिनेतले मानसम्मान दिलाउनेछ । अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक निखारता आउनेछ । बोली र विचारका प्रशंसकहरू बढ्नेछन् । | **बृष** बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ । सानो प्रयत्नले काम बन्नेछ । साथ दिनेछन् । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिने योग छ । |
| **मिथुन** अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । आकस्मिक खर्चले तत्काललाई अर्थ अभाव देखापर्न सक्छ । तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन् । | **कर्कट** धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवन शैलीमा परिवर्तन ल्याउनेछ । विशेष काममा जग बसाउने योग छ । |
| **सिंह** शुभचिन्तकहरू जुट्नाले अप्ठ्यारो ठानिएको काम पनि सम्पादन हुनेछ । विभिन्न प्रवृत्त भइनेछ । बिगतका कर्मको सामान्य प्रतिफल प्राप्त हुनेछ । | **कन्या** खर्च लागे पनि हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । पुरुषार्थले सकिनेछ । पहिले विरोध गर्नेहरूले नै मित्रताका हात अघि बढाउने छन् । |
| **तुला** आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । अवसर र व्यवधानका बीच बाट कर्मयोग अघि बढ्ने योग छ । | **बृश्चिक** काम बन्नाले उत्साह जाग्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ शत्रुहरू किनारा लाग्नेछन् । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ |
| **धनु** विशेष काममा जग बसाउने अवसर छ । मेहनतले पदीय जिम्मेवारीहरु दिलाउनेछ भने धन प्राप्त गर्ने बेला छ । धेरैले कामको तारिफ गर्नेछन् । | **मकर** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ लगनशीलताले परिस्थितिलाई बदल्नेछ । काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । |
| **कुम्भ** गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा वर्चस्व बढ्नेछ । व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुहोला । | **मिन** गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । |

## हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# "छैन"

**✍चट्याङ मास्टर**

(हांस्य व्यङ्ग्य)

एकाबिहानै मुख छोपेको सिरक पन्छाउँदै रोमण्टिक मुडम श्रीमतीसंग सोधें–"के छ हालखबर ?" पसलेले योसंग कति ठगे ठीक पर्ला भन्ने निर्णय गर्न नसकेर सामान नै छैन भनेझैं, श्रीमतीले पनि अन्कनाउँदै भनिन्– "केही पनि छैन ।"

ज्यादै बेमोज लाग्यो । एकाबिहानै श्रीमतीको मुखबाट निस्केको शब्द नै "केही पनि छैन" । साइत–कुसाइतमा विश्वास गरिन्नथ्यो र पनि कुसाइतको झझल्को लागिहाल्यो । चिया नआइपुगेकोले श्रीमतीलाई झपारें–"किन चिया नल्याएको हँ ?" श्रीमतीले मुस्कानको बदला ठुस्कान प्रदर्शन गर्दै भनिन्– "चिनी नै छैन"। एकाबिहानै भोकको झोकलाई रोक लगाउन भनेर अर्को गर्जन छाडें–"चिनी नै नहालेको चिया ले ।" श्रीमतीले पनि मोर्चा कस्दै भनिन्–"स्टोभमा मट्टितेल नै छैन ।" उसको मोर्चा बिथोल्न म रन्कें– "दाउरामै भए पनि पकाएर ले ।" अब त श्रीमतीलाई पनि झोक चलेछ क्यारे–रन्किंदै भनिन्–"दाउरा पनि छैन ।" म पनि रन्कें–"उसो भए बिजुलीको हिटर बाल् ।" उनी पनि तन्किइन–"आज बत्ती नै आउंदैन ।"

चिया मात्र नभई अब त बिहानको दालभातबारे पनि सोच्नुपर्ने देख्न थाल्छु । हत्तनपत्त बजार जान मट्टितेलको टिन समाउंछु त बगलीमा पैसा पो छैन । श्रीमतीसंग मागेको त रन्केर भनिन्–"मसंग पैसा छैन ।" यसो सम्झें–साथी पसलेको छोरो–त्यो त जहिले पनि "दुईचार लाखको पर्वाह छैन" भन्थ्यो तर त्यही दिन एउटा देशको नोट सापटी मागेको त लाजै नमानी जवाफ दियो–"छैन ।" श्रीमतीको नकारात्मक उत्तरको अर्थ सकारात्मक भएको धेरैचोटि भोगेको हुनाले श्रीमतीलाई नै फेरि कचकच



गरेपछि धोतीको गांठो फोएर एउटा पांचको नोट झारिदिइन् । "पाडो पाए पनि पाडी पाए पनि भतुवालाई बिगौती" ऊ रिसाओस् कि खुसाओस्। उठाएं पांचको नोट, पुगें मट्टितेलको लागि लाम लाग्न । उससंग पैसा कताबाट आयो मलाई के मतलब ?

लाम लागेर मात्रै नपुगी कुपन पनि चाहिने रहेछ । कुपनका लागि टेलिफोन र टेलिफोनको लागि चिनजान चाहिने रहेछ । त्यस्तो चिन–जानको लागि आफ्नो पनि मान हुनुपर्ने रहेछ । मानको कमिमा शान वा ज्ञान भए पनि पुग्ने रहेछ । मानको कमिमा शान वा ज्ञान भए पनि पुग्ने रहेछ । आफू परियो "छैन"मा । लाममा आफ्नो पालो आउन आउन मात्र के लागेको थियो, मट्टितेलको थोपोसम्म पनि सकियो र पसलेले ङिच्च हांस्दै भन्यो–"छैन"। म जिल्ल परें र भिजेको बिरालो जस्तै बन्दै फर्कें ।

त्यसै झोंकमा एक दुई सर्को चुरोट तान्ने तलतल लाग्छ र किन्न तम्सन्छु । ओल्लो पसल गएं, पल्लो पसल गएं, चुरोट नै छैन । अस्ति याक थिएन, हिजो गैंडा थिएन, आज त बिंडीबाहेक अरू क्यै पनि छैन । तमाखु खाऊं भने आफ्नो घरमा हुक्का पनि छैन । ए छैनको पिरलो ।

पेट खाली भएको संकेत पाउंछु र पुनः मट्टितेलको 'छैन' लाई परा–जित गर्न तम्सन्छु । साथीको घरमा आइरहने एउटा फोनवालालाई आफूले राम्रै चिनेको छु । त्यसको सम्झना आउनेबित्तिकै 'छैन' को मुखमा हान्न मुक्का बलियो भएझैं लाग्यो र टिनसहितै सिंहदरबारतर्फ लागें । उसको कोठामा पस्ने सुर–सार मात्रै के गरेको थिएं एउटा पियनले झपारिहाल्यो–"भित्र पस्ने अडर छैन" । आफ्नो चिनजान पूर्वजन्मदेखिकै हो कि भनेझैं गरी नालीबेली बिस्तार लगाएपछि पस्न त दियो तर के गर्नु, भित्र आफ्नो मान्छे नै छैन ।

उसभन्दा मुनिकालाई भेट्ने जमर्को गरें तर कोही छैनन् । कुन बेला फर्कलान् भन्ने ठेगान पनि छैन । जागिरेलाई यो १०–५ को बन्धन पनि रहेनछ कि जस्तो लाग्यो र लुरुलुरु "नानी कां गंको त"हुन पुगें ।

फर्कंदा बाटोमा एउटा अन्डर विएर यार (लगौंटीको चलन हरायो) भेट हुनुभयो । "यार के खबर छ ?" मैले सोध्नै पऱ्यो । "केही पनि छैन" भनेर उसले पनि भन्नै पऱ्यो । "के छैन भनेको" भन्दा बिचरोले निसास्सिंदै भन्यो–"चार घण्टासम्म लाम लागें तर मेरो पालो आउंदा सिमेन्ट नै छैन । ब्ल्याकमा किन्ने पैसा छैन । यस्तै भइरहे घर पनि छैन ।" बिचरालाई पनि मेरै रोग लागेको रहेछ । ऊ त अघाएको थियो तर म भने मेरो टिन जस्तै रित्तो थिएं ।

"मरता क्या न करता" भन्दै एउटा पुरानो मट्टितेल पसलेलाई धम्की दिएं–"मलाई जसरी भए पनि एक ग्यालेन मट्टितेल दिनुहोस् अन्यथा नराम्रो हुन सक्छ ।" "के लुट्न आएको ?" भन्दै पसलेले पाखुरा सुर्किहाल्यो । तागत भए त पछारिदिन्थें त्यस्ता–लाई तर आफूसंग त त्यति तागत पनि छैन । रित्तै घरमा गए झन् बाच्ने आसै छैन । ए पिरलो । बतासिंदै त्यहाँबाट भागें ।

'छैन' को भारले थिचिएर कुत्रुक्क पर्दै छैनहरूको लिस्ट बनाउने इच्छा भयो–मट्टितेल छैन, सलाई छैन, चुरोट छैन, सिमेण्ट छैन..... कति कति । फेरि एकैपटक हराउने पनि होइनन् ।

आज सलाई छैन त भोलि चुरोट छैन । यता सिमेण्ट छैन त उता फलाम छैन । कहिले यो पसलमा छैन त कहिले त्यो पसलमा छैन । आज दूध छैन त भोलि कागज छैन । कथंकदाचित् सामान पाइयो भने मूल्य रन्केर छोइसक्नु छैन । लाम लाग्दा र पसल चाहर्दा सास फेर्ने फुर्सत पनि छैन नै भनिदिए हुन्छ ।

बृत्तान्त सुन्न एक मित्र तम्सिए । बृत्तान्त सुनि सकेपछि मेरो अन्तर्वार्ता लिन पनि पछि परेन्

–साभार "चट्याङ गीता" भाग–२

# 'म हुँ पानी' मा राजेश र करिष्माको रोमान्स

चितवन/'पानको पात'जस्ता कालजयी लोक गीतका सर्जक तथा वरिष्ठ लोक गायक बमबहादुर कार्कीको नयाँ सन्देशमूलक गीतको भिडियो 'म हुँ पानी सबको जिन्दगानी' सार्वजनिक गरिएको छ ।



बुधवार काठमाडौंमा आयोजित एक कार्यक्रममा अभिनेता राजेश हमालले भिडियो सार्वजनिक गरेका हुन् ।

कार्यक्रममा अभिनेत्री करिष्मा मानन्धर, गायक बमबहादर कार्की, निर्देशक देवेन्द्र पाण्डे र गायिका तथा गोरखा म्युजिककी सञ्चालक शिवा आले कार्की, कलाकार उत्तम केसीलगायतको उपस्थिति थियो ।

प्रकृति र मानवीय अस्तित्वको मुख्य आधार पानीको महत्वलाई केन्द्रमा राखेर तयार पारिएको यस गीतमा समाजका लागि एउटा गहन सन्देश प्रवाह गरिएको छ । म्युजिक भिडियोमा नेपाली चलचित्र क्षेत्रका सदाबहार जोडी महानायक राजेश हमाल र नायिका करिष्मा मानन्धरको अभिनय छ । केही समयको अन्त–रालपछि यो जोडीले एउटै भिडियोमा काम गरेका हुन्, जहाँ हमालले पानीको शक्ति र गरिमालाई चित्रण गरेका छन् भने करिष्माले आफ्नो नृत्य र अभिनयमार्फत् प्रकृतिको सुन्दरतालाई झल्काएकी छन् । भिडियोमा उनीहरूसँगै सगुन कार्कीको पनि सशक्त अभिनय देख्न सकिन्छ ।

गीतमा बमबहादुर कार्की स्वयम्को शब्द र सङ्गीत छ । स्वरमा कार्कीलाई गायिका शिवा आले कार्की, लोचन भट्टराई र गायक अर्जुन सोनमले साथ दिएका छन् । सङ्गीत संयोजन बि.बि.अनुरागीले गरेको छन् ।

देवेन्द्र पाण्डेको निर्देशन रहेको भिडियोलाई हरि हुमागाईंले छायाङ्कन गरेका हुन् । भिडियोमा नेपालका सुन्दर पहाड, झरना, नदी र प्राकृतिक दृश्यहरूलाई अत्यन्तै कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । विकास दाहालले सम्पादन गरेको यस भिडियोमा पानीका विभिन्न रूपहरू पनि देखाइएको छ । गीतको मूल भाव 'पानी नै जीवन हो' भन्ने रहेको छ । गीतले पानीले आफ्नो महत्त्व दर्साउँदै मानिसहरूलाई यसको संरक्षण गर्न र प्रदूषित नबनाउन आग्रह गरेको छ । गोरखा म्युजिकमार्फत गीत सार्वजनिक भएको हो ।

कार्यक्रममा महानायक हमालले मानव जीवनका लागि पानी सबैभन्दा महत्वपूर्ण आधार भएको बताउँदै यसको संरक्षणमा ध्यान दिन सबैलाई आग्रह गरे । उनले पानीको मूल्य र यसको मानवीय अस्तित्व सँगको सम्बन्धबारे उनले ब्यापक चर्चा गरेका थिए ।

कार्यक्रममा हमालले गायक बमबहादुर कार्कीको योगदानको चर्चा गर्दै उनको सदाबहार गीत 'पानको पात' ले नेपालमा मात्र नभई विश्वभर चर्चा पाएको स्मरण गरे । आफू चलचित्र क्षेत्रमा आउनुभन्दा अगाडि नै कार्कीका गीतहरूमा नाच्ने गरेको बताउँदै उनले यस नयाँ प्रोजेक्टमा जोडिन पाउँदा खुसी व्यक्त गरे । अभिनेत्री करिष्मा मानन्धरले गीत र भिडियो राम्रो बनेको भन्दै प्रशंसा गरिन् ।

गायक बमबहादुर कार्कीले मानव जीवनमा पानीको महत्व युवा पिढीलाई बुझाउन र पानीको संरक्षणसम्बन्धी सन्देश दिन गीत बनाएको बताए ।

# 'गोल्डेन जेनेरेसन' अमेरिकाको 'डार्क हर्स' छवि

काठमाडौं/अमेरिका आफ्नै देशमा विश्वकप खेल्दैछ । लस एन्जलस, सियाटल, एटलान्टा र न्यूयोर्कजस्ता ठूला सहरमा अमेरिकी टोलीले घरेलु समर्थकको मज्जाले साथ पाउने निश्चित छ ।

आफ्नो ११ प्रमुख सहरमा विश्वकप आयोजना गर्न लागेको अमेरिकाले टोली निर्माणमा पनि उत्तिकै ध्यान दिएको छ । त्यसैले यसपालिको आयोजक टोलीलाई विश्वकपको 'डार्क हर्स' टोली भनिएको छ । युवा बाहुल्यता रहेको आयोजक टोलीलाई 'गोल्डेन जेने–रेसन' पनि भनिएको छ ।

दोस्रोपटक विश्वकप आयोजक बन्दै गरेको अमेरिकाको विश्वकप सहभागिताको इतिहास भने निकै रोचक छ । त्यसो त अमेरिकालाई फुटबल राष्ट्र नमान्नेहरू पनि धेरै छन् । तर, रोचक बिगत र आधुनिक वर्तमानले भने अमेरिकालाई फुटबल प्रति अत्यन्त चासो भएको मुलुक बनाइसकेको छ । सन् १९३० मा पहिलो विश्वकपको आयोजना हुँदा अमेरिकाले ठूला भनिएका फुटबल राष्ट्रलाई पराजित गर्दै तेस्रो स्थान हात पारेको थियो । उक्त विश्वकप उरुग्वेमा आयोजना भएको थियो । अमेरिकाले सेमिफाइनलसम्म पुगेर इतिहास रचेको थियो ।

सेमिफाइनल पुग्ने क्रममा अमेरिकाले बेल्जियम र पाराग्वेलाई ३–० ले पराजित गरेको थियो । सेमिफाइनलमा भने टोली अर्जेन्टिनासँग ६–१ ले पराजित हुन पुगेको थियो । त्यसबेला तेस्रो स्थानका लागि छुट्टै खेल नभएकाले पछि फिफाले अमेरिकालाई आधिकारिकरूपमा तेस्रो स्थानको मान्यता दिएको थियो ।

अमेरिकाका बेर्ट पाटेनाउडेले विश्वकप इतिहासकै पहिलो ह्याट्रिक पनि त्यही विश्वकपमा गरेका थिए । अमेरिकाले १२औं पटक विश्वकपमा सहभागिता जनाउँदैछ । यस क्रममा टोलीले ३७ खेल खेल्दा नौ जित, आठ बराबरी र २० हारको नतिजा निकालेको छ । अमेरिकाले एकपटक क्वार्टरफाइनल र पाँचपटक अन्तिम १६ सम्मको यात्रा तय गरेको छ । टोली चारपटक समूह चरणमै सीमित बनेको छ ।

सन् १९३४ को विश्वकपमा राउन्ड अफ १६ मा पुगेको टोलीले त्यसपछि सन् १९५० को विश्वकपमा पुनरागमन गरेको थियो । उक्त विश्व कपमा शक्तिशाली इङ्ल्यान्डलाई १–० ले हराएर टोलीले विश्व फुटबलकै ठूलो उलटफेरमध्ये एक नतिजा निकालेको थियो । उक्त गोल जोय जायट्जेनले गरेका थिए ।

त्यसपछि भने अमेरिकाले विश्वकपमा फर्किन ४० वर्ष पर्खनु पऱ्यो । लगातार छनोट चरणमा असफल हुँदै आएको टोलीले सन् १९९० को विश्वकपमा पुनरागमन गरेको थियो । उक्त विश्वकपपछिको अमेरिकी फुटबलमा नयाँ युगको सुरुआत भएको मानिन्छ । त्यसपछि अमेरिका कनकाकाफ क्षेत्रको प्रमुख टोलीको रूपमा उदायो ।

सन् १९९४ को अर्को विश्वकप आयोजना गरेपछि अमेरिकी फुटबलको चर्चा झन् चुलियो । सो विश्वकप इतिहासकै सबैभन्दा धेरै दर्शक उपस्थित भएको विश्वकपमध्ये एक बन्यो । अमेरिकामा फुटबलको लोकप्रियता तीव्र रूपमा बढ्यो । घरेलु टोलीले अन्तिम–१६ सम्मको यात्रा तय गरेको थियो ।

अमेरिकाले त्यसपछि सन् १९९० देखि २०१४ सम्म लगातार सात संस्करणमा सहभागिता जनायो । टोली सन् २०१८ मा भने विश्व कपका लागि छनोट हुन सकेन । सन् २०२२ को पछिल्लो संस्करणमा अमेरिकाले अन्तिम-१६ सम्मको यात्रा तय गरेको थियो ।

यसपटक अमेरिका आयोज–कका रूपमा सिधै विश्वकपमा सहभागिता जनाउँदैछ । घरेलु मैदानको फाइदा उठाउँदै उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्यमा आयोजक टोली छ । टोटनहम, पेरिस सेन्ट जर्मेन र चेल्सी जस्तो टोली सम्हालिसकेका प्रशिक्षक माउरिको पोचेटिनोको प्रशिक्षणमा अमेरिकी टोली छ । उनको आक्रामक शैलीले अमेरिकी टोलीलाई नयाँ ऊर्जा दिएको ठानिएको छ ।

टोलीमा १३ युवा खेलाडी पहिलोपटक विश्वकप खेल्दैछन् । १३ खेलाडीले गत संस्करणको कतार विश्वकप खेलेका थिए । अर्थात्, टोली अनुभव र युवापनको राम्रो मिश्रणमा देखिन्छ । अमेरिकी टोलीका खेलाडी–हरू विविधताले भरिएका छन् । केही खेलाडी इंग्ल्यान्ड, नेदरल्यान्ड्स र जर्मनीमा जन्मिएका छन् ।

यी खेलाडीहरू युरोपमा खेलि–रहेका छन् भने युवा उमेरका भएकाले पनि भोलिका दिनसम्म अमेरिकी टोलीलाई बलियो बनाउन भूमिका खेल्न सक्छन् । त्यसले पनि विश्लेषकले अहिलेको अमेरिकी टोलीलाई गोल्डेन जेनेरेसनको उपमा दिइरहेका छन् । अमेरिकालाई विश्वकपको दाबेदार राष्ट्र हो भन्न कठिन छ । तर, घरेलु समर्थकको साथ र पोचेटिनीको तीव्र खेल शैलीका कारण 'डार्क हर्स' टोलीले केही उलटफेर नतिजा भने निकाल्न सक्छ ।

***खेल तालिका***

विश्वकपको समूह 'डी'मा अमेरिकासँग पाराग्वे, अष्ट्रेलिया र टर्की रहेका छन् ।

# दण्डहीनताको चक्रमा अस्पताल र स्वास्थ्यकर्मी



**✍मिलन बटाला**



'डाक्टर भगवान् हुन्' भन्ने नेपाली समाजको पुरानो भाष्य पछिल्ला केही वर्षयता अस्पतालभित्र भइरहेका हिंसात्मक तथा दुर्व्यवहारका घटनाहरूले क्रमशः कमजोर बनाउँदै लगेको पाईन्छ । बिरामीलाई नयाँ जीवन दिन अहोरात्र खटिने चिकित्सक, नर्स तथा स्वास्थ्य-कर्मीहरू आज आफ्नै कार्यस्थलमा असुरक्षित महसुस गर्न बाध्य छन् । कहिले कुटपिट हुने, कहिले अस्पताल तोडफोड हुने वा कहिले राजनीतिक दबाबमा पर्नुपर्ने हो भन्ने त्रासबीच सेवा दिनुपर्ने अवस्था सिर्जना भइ-रहेको देख्न सकिन्छ ।

नेपालमा स्वास्थ्यकर्मीमाथि हुने हिंसा नयाँ विषय होइन । कोरोना महामारीको चरम संकटका बेला नेपालगन्जस्थित भेरी अस्पतालमा बिरामीका आफन्तको आक्रमणबाट जोगिन नर्सहरूले झ्यालबाट हाम फाल्नुपरेको घटना नेपाली स्वास्थ्य क्षेत्रकै एउटा कालो दिन बन्यो । त्यसपछि २०८० सालमा मकवानपु-रको सञ्चो अस्पतालमा कार्यरत डा. विकास थापा र डा. प्रशान्त बिडा–रीमाथि कार्यकक्षमै प्रवेश गरेर ग-रिएको कुटपिट तथा काठमाडौंको ट्रमा सेन्टरमा चिकित्सकमाथि भएको दुर्व्यवहारले स्वास्थ्य क्षेत्रको असुरक्षा झनै सतहमा ल्याई दियो ।

उपचारका क्रममा बिरामीको मृत्यु हुनु वा जटिलता आउनु चिकित्सा विज्ञानको स्वाभाविक जोखिमभित्रको विषय हो । तर, नेपालमा बिरामीको अवस्था बिग्रिनासाथ सम्पूर्ण दोष स्वास्थ्य-कर्मीमाथि थोपर्ने, अस्पताल तोडफोड गर्ने तथा चिकित्सकमाथि हातपात गर्ने प्रवृत्ति खतरनाक सामाजिक संस्कृतिका रूपमा विकसित हुँदै गएको छ । हाम्रो समाजमा एउटा कमजोरी देख्ने बित्तिकै स्वास्थ्य-कर्मीले गरेका सयौं राम्रा कामहरू बिर्सिने प्रवृत्ति बढ्दो छ । यसले केवल स्वास्थ्य कर्मीको मनोबल मात्र कमजोर बनाएको छैन, समग्र स्वास्थ्य प्रणालीमाथिको जनविश्वास लाई समेत क्षति पुऱ्याइरहेको छ ।

पछिल्लो समय उदयपुरको कटारी अस्पतालमा देखिएको अवस्था अझ चिन्ताजनक छ । विगतका धेरै घटनामा बिरामीका आफन्तको आक्रोश मुख्य कारण देखिए पनि कटारी अस्पतालको विवादले स्वास्थ्य संस्थाभित्रको राजनीतिक हस्तक्षेप, दुर्व्यवहार र असहयोगको अर्को पाटो सतहमा ल्याएको छ । अस्पताललाई स्तरोन्नति गर्दै प्रादेशिक अस्पतालको मान्यता दिलाउने, सेवा विस्तार गर्ने तथा ब्लड बैंक स्थापना गर्नेसम्मका सुधारात्मक प्रयासको नेतृत्व गरि-रहेका मेडिकल सुपरिन्टेन्डेन्ट डा. गौरव साहले कारण सेवाबाट बाहि-रिने घोषणा गर्नु अत्यन्तै गम्भीर संकेत हो । दूरदराजका सरकारी अस्पतालहरूमा विशेषज्ञ चिकित्सक टिकाउनै कठिन भइरहेका बेला त्यहाँ बसेर सेवा सुधारमा लागेका चिकित्स-कहरू नै असुरक्षित महसुस गरेर प्रणालीबाट बाहिरिन थाले भने त्यसको प्रत्यक्ष असर सर्वसाधारण जनतामाथि पर्छ । ग्रामीण क्षेत्रका नागरिक विशेषज्ञ सेवाबाट अझ टाढिनेछन् भने सरकारी अस्पतालप्रतिको भरोसा कमजोर हुँदै जानेछ ।

यसको अर्को खतरनाक प्रभाव 'डिफेन्सिभ मेडिसिन' को अभ्यास हो । जब चिकित्सकले बिरामीको उपचार भन्दा पहिले आफ्नै सुरक्षाको चिन्ता गर्न थाल्छन्, तब जटिल बिरामीलाई उपचार नगरी अन्यत्र रेफर गर्ने प्रवृत्ति बढ्छ । नेपालका धेरै अस्पतालमा अहिले यही अवस्था विस्तार हुँदै गएको चिकित्सक-हरूको गुनासो छ ।

यसको मार आर्थिकरूपमा कमजोर तथा दुर्गम क्षेत्रका बिरामीहरूले नै सबैभन्दा बढी भोगिरहेका छन् । न्यून जनशक्ति, अत्यधिक कामको चाप तथा स्रोत-साधनको कमीका कारण स्वास्थ्य कर्मीहरूले दैनिक दबाब र चुनौतीबीच काम गर्नुपर्ने बाध्यता रहँदै आएको छ ।

नेपाल सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (संशोधन) ऐनमार्फत् स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेलाई 'जमानत बिना जेल' को व्यवस्था गरे पनि व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अस्पतालका भित्ताभित्तामा स्वास्थ्यकर्मी सुरक्षासम्बन्धी ऐन टाँसिए पनि प्रभाव-कारी कार्यान्वयन नहुँदा दैनिकजसो यस्ता घटनाहरु दोहोरिने गरेका छन् ।

घटनालगत्तै राजनीतिक दबाब, स्थानीय तहको हस्तक्षेप तथा 'मिलापत्र' को नाममा गरिने अब्यवहारिक सम्झौताहरुले यस्ता घटनालाई झन् प्रोत्साहन गरेको छ ।

स्वास्थ्य क्षेत्रलाई सुरक्षित, मर्यादित र विश्वसनीय बनाउन केवल कानुन बनाएर मात्र पुग्दैन, त्यसको निष्पक्ष र कडाइका साथ कार्यान्वयन हुनुपर्छ । सरकारी वा निजी अस्पतालहरूमा पर्याप्त सुरक्षा व्यवस्था हुनुपर्छ र स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार गर्नेलाई राजनीतिक वा सामाजिक संरक्षण कदापी दिईनु हुँदैन । आवश्यक परे यस्ता गतिविधिमा संलग्न व्यक्तिलाई कानुनीरूपमा कडाभन्दा कडा कारबाहीको दायर मा ल्याउनु पर्दछ ।

कटारी अस्पतालका डा. गौरव साहको बहिर्गमन राज्य र समाज दुवैका लागि चेतावनी हो–यदि स्वास्थ्यकर्मी नै कार्यस्थलमा सुरक्षित र सम्मानित हुन सकेनन् भने नागरिकको स्वास्थ्य सुरक्षा कसरी सुनिश्चित हुन सक्ला ?

स्वास्थ्यकर्मीलाई शत्रुको रूपमा होइन, समाज र नागरिकका रक्षकका रूपमा हेर्नुपर्ने समय आएको छ । स्थ्यकर्मीलाई भयमुक्त वातावरणमा काम गर्न दिनु राज्य, राजनीतिक दल, स्थानीय प्रशासन र आमनागरिक सबैको साझा दायित्व हो ।

अन्यथा, स्वास्थ्यकर्मीमाथि हुने बिभिन्न प्रकारका गाली बेईजती तथा दुर्व्यवहार र दण्डहीनताको यही चक्रले एक दिन दक्ष डाक्टर र नर्सहरूलाई विदेशिन बाध्य बनाउनेछ, जसको असर केवल अस्पतालमा मात्र होइन, सम्पूर्ण सार्वजनिक स्वास्थ्य प्रणालीमा पर्नेछ । यसका लागि सबै पक्ष जिम्मेवार बन्नैपर्छ ।

साभार : स्वास्थ्यखबर


## मोटरसाईकल हरायो


मिति २०८३ जेठ १३ गते अन्दाजी १४:१९ बजेको समयमा हेटौंडा–१ स्थित हेटौंडा अस्पतालको पार्किङस्थलमा पार्किङ गरिराखेको अवस्थामा मेरो निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुनाले पाउनु हुने वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनु भएमा उचित पुरस्कार टक्र्याउनेछु ।

**सवारी धनीको नाम** : दिनेश कुमार दोङ
**ठेगाना** : बागमती गापा–५, बागमती मकवानपुर
**सवारी नं.**: बा.प्र.–०३–००५प ७८३७ (मेटल कलरको १५ सि.सि.पल्सर)
**च्याचिस नम्बर** : MD2A11CXOPPB26874
**इञ्जिन नम्बर** : DHXPPB68966
**सम्पर्क नम्बर** : ९७४८४६०६७९

## मोटरसाईकल हरायो

मिति २०८३ वैशाख ०२ गते बेलुकाको करिव ०७:३० बजेको समयमा हेटौंडा–४ स्कुलरोडस्थित स्वास्थ्य मन्त्रालयको अगाडि पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुनाले पाउनु हुने वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनु भएमा उचित पुरस्कार टक्र्याउनेछु ।

**सवारी धनीको नाम** : उर्गेन लामा
**ठेगाना** : हेटौंडा–२, मकवानपुर
**सवारी नं.** : बा.प्र.०३–००६प ४१३१ (कालो/रातो २०० सि.सि.पल्सर)
**च्याचिस नम्बर** : MD2A36FXXSCE97026
**इञ्जिन नम्बर** : J1XCSE53913
**सम्पर्क नम्बर** : ९८०९२७०३११




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**






# कर्जा दिनै हच्किन्छन् बैंकर

सन्देश संवाददाता

काठमाडौं/केही समययता बैंकरहरू नै कर्जा प्रवाह गर्न हच्किन थालेका छन् । बढ्दो खराब कर्जा, ऋण दुरुपयोगका घटना तथा प्रहरीबाट बैंकरहरू नै धरपकडमा पर्न थालेपछि उनीहरू कर्जा प्रवाह गर्न हच्किन थालेका हुन् ।


सोही कारण कर्जा लिन बैंक तथा वित्तीय संस्था पुग्ने ऋणीको स्क्रिनिङ गरी प्रक्रियागत जटिलता देखाइ कर्मचारीले नै निरुत्साहित गर्दा कर्जा विस्तार माग अनुसार हुन नसकेको बैंकरहरू बताउँछन् ।

ऋण असुलीमा देखिएका समस्या र सरकारी नीतिका कारण बैंकरहरूले कर्जाको माग आउने बित्तिकै स्वीकृत गरेका छैनन् । विगतमा जोखिम विश्लेषण नगरी कर्जा विस्तार गर्दा दुरुपयोग भएको, डिफल्ट बढेको र असुलीमा समस्या आएपछि बैंकरहरू कर्जा विस्तारमा निरुत्साहित भएको एक वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ले बताए । त्यस्तै पछिल्लो समय बैंकर तथा व्यवसायीप्रति सरकारको नीति 'थुन्ने र सुन्ने' भएकाले पनि मनोबल कमजोर भएको उनको दाबी छ ।

कोरोना महामारीबाट अर्थतन्त्रलाई गति दिन नेपाल राष्ट्र बैंकले कर्जा नीति खुकुलो बनायो । त्यसका साथै कर्जा सीमा तथा प्रक्रियासमेत सरल र सहज बनायो । बैंक तथा वित्तीय संस्थाले ग्राहकका घरमै गएर समेत कर्जा दिए । बैंक तथा वित्तीय संस्थाले आक्रामकरूपमा कर्जा लगानी गर्दा अर्थतन्त्र चलायमान भएता पनि उत्पादन भने बढेन । त्यसले अनुत्पादन क्षेत्रको कारोबार अस्वाभाविक बढ्यो ।

'इजी मनी' निर्माण हुने क्षेत्र (सेयर तथा घरजग्गा) मा आएको अस्वाभाविक सुधार सच्याउन पनि कर्जा नीतिमा कडाइ गरेको राष्ट्र बैंकका एक अधिकारीले बताए ।

बैंक तथा वित्तीय संस्थाले जोखिम विश्लेषणभन्दा पनि कर्जा लगानीमात्र विस्तार गर्नेतर्फ ध्यान




दिँदा कर्जा दुरुपयोग र डिफल्ट बढेको तथा त्यसको असर अझै केही वर्षसम्म रहने उनको बुझाइ छ । 'कर्जा लगानी बढाउने र नाफा बढाउने दौडमा बैंक तथा वित्तीय संस्थाले प्रतिस्पर्धा गर्दा अहिले खराब कर्जा वृद्धि अर्थात् सम्पत्तिको गुणस्तर कमजोर भएको हो,' ती अधिकारीले भने, 'अहिलेको डिफल्ट, असुली समस्या, कर्जा चुक्ता नगर्ने अभियान पनि बैंकहरूकै कमजोरीका कारण आएको हो ।'

केन्द्रीय बैंकले कर्जा दुरुपयोग रोक्न भन्दै लिएका नीतिले आर्थिक गतिविधि नै प्रभावित भयो । त्यसमा रुस-युक्रेन युद्ध तथा इजरायल-इरान युद्धले आर्थिक गतिविधि घटाउन मद्दत गऱ्यो ।

केन्द्रीय बैंकले कर्जा सीमा घटाउनेदेखि क्षेत्रगत कर्जामा सीमा समेत कडाइ गऱ्यो । त्यसका साथै जुन प्रयोगका लागि कर्जा लिने हो, त्यसैमा मात्रै परिचालन गर्नुपर्ने व्यवस्था गऱ्यो । त्यसका साथै चालु पूँजी कर्जा दुरुपयोग रोक्न भन्दै चालु पूँजी कर्जा मार्गदर्शन लागु गऱ्यो । साथै, कर्जाको किस्ता तिर्न कर्जा लिने, कर्जाको साँवा किस्ता नआएपछि नवीकरण गर्नेजस्ता गतिविधिमा नियन्त्रण गऱ्यो । त्यसले बैंक तथा वित्तीय संस्थालाई कर्जा लगानीभन्दा पनि असुली बढाउन पर्ने अवस्था सिर्जना गऱ्यो । अर्थतन्त्र मन्दी तथा सुस्त भएपछि ऋणीले किस्ता तिर्न नसक्दा डिफल्ट हुन थाल्यो ।

कर्जाको माग हुँदा जोखिम नहेरी लगानी गरेका बैंक तथा वित्तीय संस्था असुलीमा समस्या भएपछि नयाँ कर्जा स्वीकृत गर्दा न्यून जोखिमका आधारमा छनोट गर्न बाध्य भएको ती सीईओको भनाइ छ ।

'बैंकका कर्मचारीले जोखिमभन्दा पनि ऋणीबाट आफूलाई आउने कमिसनका लागिसमेत कर्जा लगानी गरेको अवस्था थियो,' ती सीईओले भने, 'जोखिम विश्लेशण नगरी कर्जा दिने प्रवृत्ति नियन्त्रण गर्दा छनोटमुखी भएको देखिएको हो, कर्जा दुरुपयोगमा गरिएको कडाइले पनि बैंकरले ग्राहक छनोट गरेरमात्र कर्जा दिने गरेका हुन् ।' आर्थिक वर्ष २०७७/७८ पछिका वर्षमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा वृद्धिदर हेर्दा पनि स्पष्ट हुने उनले बताए ।

चालु आव चैतसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा ३ खर्ब १२ अर्ब छ । यो अवधिमा करिब ११ अर्ब वित्तीय प्रणालीको अधिक तरलता केन्द्रीय बैंकमा थुप्रिएको छ । आव २०८०/८१ मा २ खर्ब ७६ अर्ब ९४ करोड र २०८१/८२ मा ४ खर्ब २४ अर्ब रुपैयाँ कर्जा लगानी गरेको राष्ट्र बैंकले जनाएको छ ।

वित्तीय क्षेत्रमा कर्जा माग नै न्यून रहेको नेपाल बैंकर्स संघ अध्यक्ष सन्तोष कोइरालाले बताए । बैंकर तथा बैंकले कर्जा नियन्त्रण गरेको जस्तो आफूलाई नलागेको कोइरालाले बताए । 'आगामी आर्थिक वर्षको बजेट हेरिसकेपछि आर्थिक चहलपहल बढ्छजस्तो लाग्छ,' कोइरालाले भने, 'अहिले बैंकरहरू पर्ख र हेरको नीतिमा छन् ।' व्यवसायीहरू पनि आगामी आवको बजेट कस्तो आउँछ भन्नेमा रहेको उनले बताए । 'कर्जा प्रवाह गर्दा योजना तथा क्षेत्रअनुसार बैंकहरूले सीमा र सर्त राखेका हुन्छन्,' कोइरालाले भने, 'पछिल्लो समय बैंकहरूलाई असुलीमा अप्ठ्यारो परेकै हो, अप्ठ्यारो परेका क्षेत्रमा नयाँ कर्जा लगानी गर्दा जोखिम न्यूनीकरणमा जोड दिनु सामान्य हो ।'

कर्जा नदिने नियतले बैंकरले काम गरेको नभई जोखिम न्यूनीकरण गर्न खोज्दा ग्राहक छनोट गरेको अरोप लागेको हुन सक्ने कोइरालाको भनाइ छ । अहिले दूरसञ्चार ऐन, जलविद्युत् ऐन र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा देखिएको अस्पष्टता सरकारले स्पष्ट पारिदिनुपर्ने बैंक तथा वित्तीय संस्था परिसंघ अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले बताए ।

कर्जा प्रवाह निरुत्साहित गर्ने वा सरकारलाई असहयोग गर्ने भन्ने नहुने उनको भनाइ छ । 'दूरसञ्चार कम्पनी तथा हाइड्रोमा बैंकिङ क्षेत्रको ठूलो लगानी छ, यी आयोजना निश्चित समयपछि सरकारको हुने कानुनी व्यवस्था छ, त्यसमा पनि बैंकबाट लिने कर्जाका सन्दर्भमा स्पष्ट हुनुपऱ्यो भन्ने हो ।' कर्जा प्रवाहका सन्दर्भमा बैंकहरूले विगत नदोहोरिने गरी कर्जा लगानीमा सुरक्षित क्षेत्र र व्यक्ति छान्ने गरेको विषयमा श्रेष्ठले सहमति जनाए । बैंकहरूको पक्षबाट पनि कर्जा नियन्त्रण भएको भन्ने कुरा केही हदसम्म साँचो भएको राष्ट्र बैंक प्रवक्ता गुरु पौडेलले बताए ।

'साना कर्जाका हकमा बैंकहरू अनिच्छुक भएको हो कि भन्ने देखिन्छ,' पौडेलले भने, 'बैंक तथा वित्तीय संस्था विरोधी गतिविधि बढेको, कर्जा नतिर्ने धम्की दिने जस्ता क्रियाकलापका कारण बैंक तथा बैंकरले कर्जा नियन्त्रण गरेका हुन् ।' निजी क्षेत्रको अभिभावक सरकारको हो भन्ने बुझाइ भए पनि सोही अनुसार व्यवहार निजी क्षेत्रले महसुस गर्न नसक्दा कर्जा माग नबढेको उनको भनाइ छ । साथै, कर्जा दुरुपयोग नियन्त्रण नीतिले कर्जा प्रवाह गर्दा जोखिम विश्लेषण गरेर कर्जा स्वीकृत गर्ने अभ्यास भएकाले अन्यथा लिन नहुने बताए ।

# महिलालाई नेतृत्व विकासमा टेवा पुऱ्याउने उद्घोषण तालिम सम्पन्न




सन्देश संवाददाता

हेटौंडा/वडास्तरीय महिला जागरण समूह हेटौंडा-१७ को आयोजना तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १७ कार्यालयको सहयोगमा आयोजित दुईदिने उद्घोषण तालिम बिहीबार सम्पन्न भएको छ ।

समूहकी अध्यक्ष निर्मला पौडेलको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा नम्बर १७ की महिला जनप्रतिनिधि उर्मिला चुनारको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि चुनारले यस्ता तालिमले महिलाहरूलाई नेतृत्वदायी भूमिकामा अगाडि बढ्न महत्वपूर्ण सहयोग पुग्ने बताइन् । उनले महिलालाई सक्षम र आत्मविश्वासी बनाउने कार्यक्रमलाई आगामी दिनमा पनि वडा कार्यालयले प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरिन् ।

सभाध्यक्ष पौडेलले घरधन्दामा सीमित महिलालाई बाहिर ल्याई माइक समातेर सार्वजनिक रूपमा बोल्न सक्ने बनाउन तालिम केही हदसम्म सफल भएको बताइन् । उनले तालिमले महिला दिदीबहिनीहरूमा थप ऊर्जा र आत्मविश्वास थपिएको उल्लेख गर्दै आगामी दिनमा पनि आवश्यक सहयोग गर्न आफू प्रतिबद्ध रहेको बताइन् । प्रशिक्षक आशिष दुलालले सिकाइ कहिल्यै नसकिने प्रक्रिया भएकाले निरन्तर अभ्यास र सिकाइलाई अघि बढाउनुपर्नेमा जोड दिए ।

तालिमका सहभागीहरूले छोटो अवधिको कार्यक्रम भए पनि धेरै कुरा सिक्न पाएको अनुभव सुनाउँदै घरको चुलोचौकोमै सीमित रहेका महिलालाई सार्वजनिकरूपमा बोल्न सिकाउन तालिम प्रभावकारी भएको बताए । उनीहरूले आगामी दिनमा अझ लामो अवधिको तालिम सञ्चालन गर्न बजेट व्यवस्थापन गरिदिन वडा जनप्रतिनिधिसँग अनुरोधसमेत गरेका थिए ।

दुई दिनसम्म सञ्चालन भएको तालिममा उद्घोषणकला, प्रभावकारी बोलाइ, मञ्च सञ्चालन, सार्वजनिक प्रस्तुतीकरण सीप, नेतृत्व विकास, वक्तृत्वकलासम्बन्धि व्यवहारिक अभ्यास, बैठक व्यवस्थापन, बैठक सञ्चालन प्रक्रिया तथा प्रभावकारी सहभागितालगायत विषयमा प्रशिक्षण दिइएको थियो ।

समूहकी उपाध्यक्ष सरस्वती भण्डारीले सञ्चालन गरेको कार्यक्रममा वडास्तरीय महिला जागरण समूहका २८ जना सदस्यहरूको सहभागिता थियो ।

# भारतको सहयोगमा ८ जिल्लामा १४ विद्यालय भवन निर्माण हुने



सन्देश संवाददाता

वीरगञ्ज/छिमेकी राष्ट्र भारत सरकारको सहयोगमा नेपालका विभिन्न ८ वटा जिल्लाहरुमा १४ वटा विद्यालय भवन निर्माण हुने भएको छ । करिब ५६ करोड रुपैयाँ लागतमा निर्माण हुने ती विद्यालय भवनका लागि बुधबार सम्झौता सम्पन्न भएको हो ।

विद्यालय भवन निर्माणका लागि निर्माण व्यवसायी कम्पनीहरू र शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) बीच सम्झौता पत्रमा हस्ताक्षर गरिएको जनाइएको छ ।

सम्झौताअनुसार गोरखा, नुवाकोट, धादिङ, दोलखा, काठमाडौं, काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा विद्यालय भवन निर्माण गरिनेछ । ती विद्यालयहरू भूकम्पपछिको पुनर्निर्माण सहायता अन्तर्गत भारत सरकारको अनुदान सहयोगमा निर्माण हुन लागेको जनाईएको छ ।

सम्झौता हस्ताक्षर कार्यक्रममा भारतीय राजदूतावासका विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका काउन्सलर, केन्द्रीय आयोजना कार्यान्वयन इकाईका आयोजना निर्देशक, इकाईका अधिकारीहरू तथा ठेकेदार कम्पनीका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

निर्माण हुने विद्यालय भवनहरू नेपाल सरकारको भूकम्प प्रतिरोधी पुनर्निर्माण मापदण्डअनुसार तयार गरिने जनाइएको छ । विद्यालय पूर्वाधारमा शैक्षिक भवन, फर्निचर सहितका कक्षाकोठा तथा छात्र-छात्राका लागि छुट्टाछुट्टै सरसफाइ संरचनाहरु रहने छन् ।

भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण अनुदान कार्यक्रमअन्तर्गत यसअघि ८ जिल्लाका ७० वटा विद्यालय र त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय निर्माण सम्पन्न गरी सन् २०२४ जनवरीमा नेपाल सरकारलाई हस्तान्तरण गरिसकिएको छ ।

# २५ करोडसम्मका उद्योग प्रदेश मातहतमा




वीरगञ्ज/मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिश पटेलको निरन्तर पहलपछि २५ करोड रुपैयाँसम्म स्थिर पूँजी भएका उद्योगहरू अब प्रदेश उद्योग मन्त्रालय मातहत आउने भएका छन् । सात वर्षदेखि कार्यान्वयनमा आउन नसकेको महत्वपूर्ण अधिकार हस्तान्तरण अन्ततः सफल भएपछि यसलाई मधेस प्रदेश सरकारको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ४ उपदफा १ मा उल्लेख भएका उद्योगबाहेकका उद्योगहरूको दर्ता, नवीकरण, नियमन तथा प्रशासनसम्बन्धी सम्पूर्ण कार्य अब सम्बन्धित प्रदेश सरकारले गर्ने व्यवस्था लागू भएको हो ।

यस विषयलाई प्राथमिकतामा राख्दै मन्त्री पटेलले २०८१ वैशाख ३ गते संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादव समक्ष ध्यानाकर्षण पत्र बुझाएर विशेष पहल गरेका थिए । सोही पहलको परिणामस्वरूप उद्योग विभागले २०८१ वैशाख २३ गते २५ करोडसम्म स्थिर पूँजी भएका उद्योगसम्बन्धी फाइल तथा अधिकार प्रदेश उद्योग मन्त्रालयलाई हस्तान्तरण गर्ने निर्णय गरेको हो ।

अब उद्योगसम्बन्धी सेवा प्रदेशमै उपलब्ध हुने भएपछि उद्योगी व्यवसायीलाई सहजता हुने, प्रशासनिक झन्झट कम हुने तथा लगानीमैत्री वातावरण थप बलियो बन्ने अपेक्षा गरिएको छ । यस निर्णयले प्रदेशको राजस्व वृद्धि, स्थानीय स्तरमा रोजगारी सिर्जना तथा औद्योगिक विकासलाई नयाँ गति दिने विश्वास लिइएको छ ।

मन्त्री कनिश पटेलको सक्रियता र सकारात्मक नेतृत्वका कारण मधेस प्रदेशले संघीयताको व्यवहारिक कार्यान्वयनमा महत्वपूर्ण सफलता हासिल गरेको चर्चा भइरहेको छ । प्रदेश अधिकारको सवालमा लामो समयदेखि रोकिएको विषयलाई निष्कर्षमा पुऱ्याएर मन्त्री पटेलले प्रभावकारी नेतृत्वको उदाहरण प्रस्तुत गरेको टिप्पणी राजनीतिक तथा औद्योगिक वृत्तमा भइरहेको छ ।

*यु-१९ प्रदेश छनोट :*

# मकवानपुरको फराकिलो हार

सन्देश संवाददाता

हेटौंडा/काठमाडौंमा जारी वाइवाइ महिला यु-१९ बागमती प्रदेश छनोट प्रतियोगितामा मकवानपुर पराजित भएको छ । प्रतियोगिताको आफ्नो पहिलो खेलमा नुवाकोटलाई पराजित गरेको मकवानपुर टोली बिहीबार काठमाडौंसँग फराकिलो हार व्यहोर्न बाध्य भएको हो ।

बिहीबार भएको खेलमा काठमाडौंले मकवानपुरलाई १५३ रनले पराजित गरेको हो । माथिल्लो मूलपानी क्रिकेट मैदानमा टस जितेर पहिला व्याटिङ गरेको काठमाडौंले मकवानपुर सामु १८१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । काठमाडौंले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १८० रन बनाएको थियो । काठमाडौंकी एली यादवले अविजित ७९ रन बनाइन् । बलिङतर्फ काठमाडौंकी दिपिका बोहराले ४ विकेट र कप्तान क्रिष्मा गुरुङले ३ विकेट लिए ।

लक्ष्य पछ्याएको मकवानपुर २७ रनमै रोकियो । मकवानपुर १४ ओभर ५ बलमा ओभरमा २७ रनमा अलआउट भयो । मकवानपुरका लागि शुभना ढकालले ५ रन, रोहिनी पाखिनले ४ रन, दिपिका भट्टराई र रुद्राणी तामाङले समान २-२ रन जोडिन् । बलिङतर्फ मकवानपुरकी पुजना दाहाल, दिपिका भट्टराई र ईशा घिसिङले समान १-१ विकेट लिए ।

मकवानपुरले यसअघि बुधबार प्रतियोगिताको आफ्नो पहिलो खेलमा नुवाकोटलाई १० रनले हराएको थियो । काठमाडौंले जारी प्रतियोगितामा यो तेस्रो जित हो । काठमाडौंले अहिलेसम्म ४ खेलमध्ये एकमा मात्रै हार व्यहोरेको छ । मकवानपुरले बिहीबार शुभन्द्रा योञ्जनको ठाउँमा सोनिमाया रूम्बालाई मौका दिएको थियो ।

प्रतियोगितामा पहिलो पटक सहभागिता जनाएको मकवानपुरले शुक्रबार ललितपुरसँग प्रतिस्पर्धा गर्नेछ । नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्लाहरू मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, काठमाडौं र भक्तपुरको प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागिता रहेको छ ।

मकवानपुरको कप्तानी रितिका थापाले गरेकी छिन् भने प्रशिक्षकमा पूर्वराष्ट्रिय खेलाडी रामनरेश गिरीले जिम्मेवारी पाएका छन् ।

# हेटौंडा-११ मा एकदिने न्यायिक सचेतना कार्यक्रम सम्पन्न



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-११ मा एकदिने न्यायिक सचेतना कार्यक्रम सम्पन्न भएको छ । न्यायिक समिति, हेटौंडा-११ को आयोजना तथा वडा कार्यालयको आर्थिक सहयोगमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

न्यायिक समिति हेटौंडा-११ की संयोजक शर्मिला अधिकारीको सभाध्यक्षता तथा वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । स्थानीय तहमा न्यायिक समितिको अधिकार क्षेत्र र कार्यविधिबारे सर्वसाधारणलाई जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको समितिले जनाएको छ ।

कार्यक्रममा स्थानीयस्तरमा हुने ससाना बादविवाद, हिंसा, अन्याय र विभिन्न खाले कुरीतिविरुद्ध कानुनी उपचार खोज्ने तथा न्यायिक निरूपण गर्ने प्रक्रियाबारे सहजीकरण गरिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका कानुन शाखा प्रमुख लक्ष्मण मैनाली र अधिवक्ता सुजन तिमल्सिनाले सहजीकरण गर्दै मेलमिलाको बारेमा बताएका थिए ।

कार्यक्रममा वडा सदस्यद्वय गोपिनी सापकोटा र गीता सुनार, सहायक वडासचिव जीवन ढुङ्गेल, २३ वटै टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति थियो ।

साथै, विद्यालय, खानेपानी, वन, सहकारी संस्था, रेडक्रस, परिवार नियोजन संघ, बाल क्लब, सिविन बाल हेल्पलाइन र बाल सञ्जालका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# हावाले रुख ढल्दा आधारभूत स्वास्थ्य केन्द्रमा क्षति




सन्देश संवाददाता

हेटौंडामा/गत मंगलबार आएको हावाहुरीका कारण हेटौंडा-११ स्थित नवलपुर आधारभूत स्वास्थ्य केन्द्रको भवनमा क्षति पुगेको छ ।

हावाहुरीले स्वास्थ्य केन्द्रको पछाडि रहेको जंगलको रुख जरैदेखि उखेलेर भवनमा खसालेको हो । रुखले भवनको माथिल्लो तलामा जाने भऱ्याङमा क्षति पुऱ्याएको छ, जसका कारण अहिले माथिल्लो तलामा आवतजावत बन्द भएको कार्यालयले जनाएको छ ।

केन्द्र प्रमुख मीना कुमारीका अनुसार घटना हुँदा कार्यालय बन्द रहेकोले मानवीय क्षति हुनबाट जोगिएको हो । "कार्यालय खुलेको समय भएको भए ठूलो मानवीय क्षति हुने सम्भावना थियो," उनले भनिन् ।

हावाहुरीले सोही स्थानमा रहेको तारकेश्वर मन्दिरको प्रवेशद्वार अगाडि पनि रुख ढाल्दा बाटो अवरुद्ध भएको छ । रुख ढल्दा बिजुलीको पोलसमेत भाँचिएको छ भने विद्युत्का तारहरू जताततै लत्रिएर जोखिम बढेको छ । निकै तीव्र गतिमा आएको हावाहुरीका कारण हेटौंडाका विभिन्न ठाउँमा रुख ढलेका छन्, तर हालसम्म कुनै मानवीय क्षति भने नभएको स्थानीयले बताएका छन् ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ वडाध्यक्ष जुना दाहालले विपद् व्यवस्थापन कार्यालयमा खबर गरिसकेको जानकारी दिइन् । स्थानीयहरूले जंगलका पुराना र जोखिमयुक्त रुखहरूको व्यवस्थापन गर्न सम्बन्धित निकायले पटक-पटक चासो नदिँदा सर्वसाधारणले सास्ती भोग्नुपरेको गुनासो गरेका छन् । थप जोखिम हुन नदिन स्थानीय सरकार र जिल्ला वन कार्यालयले तत्काल ठोस कदम चाल्नुपर्नेमा स्थानीयले जोड दिएका छन् ।

# तराई क्षेत्रमा आगामी केही दिन बदली र वर्षा हुने

सन्देश संवाददाता

काठमाडौं/केही दिनदेखि तराई क्षेत्रमा तापक्रम घट्दा केही राहत महसुस भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार मौसम बदलीका कारण केही दिन विभिन्न जिल्लामा वर्षासहितको हावाहुरी चल्ने र तराईमा शीतल महसुस हुनेछ ।

२ दिनअघि तराईका विभिन्न जिल्लाको तापक्रम ४१ डिग्री नाघेकोमा अहिले ३९ डिग्रीभन्दा तल रहेको विभागले जनाएको छ । विभागको मापन केन्द्रमा भएको अभिलेखअनुसार बिहीबार सबैभन्दा बढी तापक्रम धनगढीमा ३८.७ डिग्री र नेपालगञ्जमा ३८ दशमलव २ डिग्रीसम्म पुगेको छ ।

अन्य जिल्लामा ३६ डिग्रीभन्दा माथि तापक्रम नगएको विभागले जनाएको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थले अहिले देशभर केही शीतल महसुस भएको बताए । उनले अहिले विभिन्न जिल्लामा वर्षा हुने क्रम बढेको र काठमाडौंसहित कतिपय जिल्लामा वर्षा भइरहेको जानकारी दिए ।

बिहीबारमात्रै धनकुटामा सबैभन्दा बढी ८७ मिलिमिटर वर्षा भएको छ । काठमाडौंसहितका कतिपय जिल्लामा भने मध्यमसम्म वर्षा भएको विभागले जानकारी दिएको छ । भोलिदेखि भने वर्षा केही बढ्नेछ ।

विभागले बिहीबार साँझ जारी गरेको बुलेटिनअनुसार हाल नेपालमा पश्चिमी वायू र स्थानीय वायू तथा नेपालको पूर्वी भू-भाग नजिक रहेको न्यून चापीय क्षेत्रको प्रभाव रहेको छ । जसका कारण अहले देशका हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लागेको छ भने बाँकी तराई भू-भागमा आंशिक बादल लागेको छ ।

कोशी प्रदेशका केही स्थानमा, बागमती, गण्डकी, कर्णाली र सुदूर पश्चिम प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङ्गसहित मध्यमसम्मको वर्षा भइरहेको विभागका सूचना अधिकारी कायस्थले जानकारी दिए । मौसमविद् धर्मराज उप्रेतीका अनुसार पश्चिम तराईको लु अर्थात् अत्यधिक गर्मीको अवस्था आज रातिदेखि कमी आउने र आगामी ३४ दिन शीतल महसुस हुने सम्भावना छ । सुदूरपश्चिम, कर्णाली र लुम्बिनीमा शुक्रबारदेखि वर्षा र असिनापानीको सम्भावना देखिन्छ ।

उनका अनुसार जेठ १५ गते बिहानैदेखि पश्चिम नेपालका ३ प्रदेश (सुदुर पश्चिम, कर्णाली र लुम्बिनी) मा वर्षा, असिना, हावाहुरीको सम्भावना रहेको र जेठ १८ गतेसम्म यो प्रणालीको प्रभाव रहने छ । यो प्रणालीको प्रभाव गण्डकी, कोशी र मधेसमा पनि देखिने हुँदा शीतल महसुस हुने बताइएको छ ।

विभागका अनुसार शुक्रबार देशभर बादल लागी हिमाली र पहाडी भू-भागका केही स्थानमा तथा मधेस प्रदेशलगायत कोशी र बागमती प्रदेशका तराई भू-भागका १-२ स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ ।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

**हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।**

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।

